महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
हरिहरपुरगढी गाउँपालिका, सिन्धुली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ५६४

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हरिहरपुरगढी गाउँपालिका, सिन्धुली ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६५ लाख ४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.२८ लाख ३१ हजार फस्यौंट भई रू.३६ लाख ७३ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.१२ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ७१ हजार, पेश्की रू.३ लाख ८५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्मको रु.२ करोड ९२ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ५ लाख २८ हजार रहेको छ । हरिहरपुरगढी गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

हरिहरपुरगढी गाउँपालिका, सिन्धुली

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती								
४०	४६	६५०४	०	७	२८३१	४०	३९	३६७३	१२१७	०	२०७१	०	०	२०७१	३८५

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुली	२९२९७	०	२४४२	२६८५५	०	३६७३	३०५२८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हरिहरपुरगढी गाउँपालिका, सिन्धुली , हरिहरपुरगढी गाउँपालिका , सिन्धुली

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नविन गङ्तान लामा	२०७८-५-२७	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	प्रमोद तिमल्सिना	२०७७-५-२५	
कार्यालय प्रमुख	देवेन्द्र सापकोटा	२०७७-४-१	
लेखा प्रमुख	शिवराज रेग्मी	२०७७-४-१	
		बेरुजु रकम	६,५०३,९६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,१७,४२,४७९.५३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९,१०,४५,०८०	**चालु खर्च**	२२,२२,१६,९२५.८
प्रदेश सरकारबाट अनुदान	४,६९,८४,०००	**पूँजीगत खर्च**	१८,९१,०९,८१०
राजश्व बाँडफाँट	६,४३,३९,२०५.९५	**वित्तीय/अन्य व्यवस्था**	६,७६,०९,९८४
आन्तरिक आय	९७,०१,७५६.६४		
अन्य आय	६,९९,६०,२११		
कुल आय	४८,२०,३०,२५३.५९	**कुल खर्च**	४७,८९,३६,७१९.८
बाँकी मौज्दात		६,४८,३६,०१३.३६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सिन्धुली जिल्लास्थित यस पालिकाको वडा संख्या ८, गाउँसभा सदस्य ५४, जनसंख्या २७७२७ र क्षेत्रफल ३४३.९ वर्ग किलोमिटर रहेको छ ।	
२			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा वापत दोहोरो भुक्तानी रकम रु ८०००। असुल गरी बेरुजू खाता (१५१११) मा दाखिला गरिएको छ ।	
३			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७/७८ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

आ.व. : २०७७/७८ अवधि : २०७७/०४/०१ - २०७८/०३/३१					
प्राप्ती भुक्तानी हिसाव					
विवरण	टिप्पणी	यसवर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४८,४८,०९,५४८.४०	४१,४५,०८,१५९.५९		४१,४५,०८,१५९.५९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४६,९६,५३,८७०	४१,२०,७०,०४२.५९	०	४१,२०,७०,०४२.५९
११००० कर	११	१२,३०,७६,७९०	६,९५,४३,४९२.५९	०	६,९५,४३,४९२.५९
१३००० अनुदान		३४,२९,७७,०८०	३३,८०,२९,०८०	०	३३,८०,२९,०८०
संघीय सरकार	१२	२९,२९,९३,०८०	२९,१०,४५,०८०	०	२९,१०,४५,०८०
प्रदेश सरकार	१२	४,९९,८४,०००	४,६९,८४,०००	०	४,६९,८४,०००
१४००० अन्य राजस्व		३६,००,०००	४४,९७,४७०	०	४४,९७,४७०
ख. अन्य प्राप्ति		१,५१,५५,६७८.४०	२४,३८,११७		२४,३८,११७
वितरण गर्न बाँकी राजस्व		०	०	०	०
कोषहरु		१,५१,५५,६७८.४०	२४,३८,११७	०	२४,३८,११७
धरौटी		०	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		५४,६४,०९,५४८.४०	४१,१३,१७,२१५.७६		४१,१३,१७,२१५.७६

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			ग. भुक्तानी (सञ्चित कोषबाट)		५३,१२,५३,८७०	४१,१३,२६,७३५.७६		४१,१३,२६,७३५.७६		
			२१००० पारिश्रमिक / सुविधा	१८	१३,१८,६८,०८०	११,४७,७८,८५९.९१	०	११,४७,७८,८५९.९१		
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	११,३८,३५,०००	८,३१,४९,४४०.८५	०	८,३१,४९,४४०.८५		
			२५००० सहायता (Subsidy)	१८	१,२६,९३,०००	१,००,२३,७३९	०	१,००,२३,७३९		
			२६००० अनुदान	१८	१,२२,६५,०००	५९,०३,७१५	०	५९,०३,७१५		
			२७००० सामाजिक सुरक्षा	१८	१,०५,२५,०००	६८,७९,६६५	०	६८,७९,६६५		
			२८००० अन्य खर्च	१८	२५,००,०००	१४,८१,५०६	०	१४,८१,५०६		
			३१००० गैर वित्तीय सम्पत्ति / पूँजीगत खर्च	१८	२४,१५,६७,७९०	१८,९१,०९,८१०	०	१८,९१,०९,८१०		
			३२००० वित्तीय सम्पत्ति	१८	६०,००,०००	०	०	०		
			घ. अन्य भुक्तानी		१,५१,५५,६७८.४०	-९,५२०		-९,५२०		
			कोषहरु		१,५१,५५,६७८.४०	०	०	०		
			धरौटी		०	०	०	०		
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०		
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-९,५२०		-९,५२०		
			ङ. यो वर्षको बचत (न्युन)		(६,१६,००,०००)	३१,९०,९४३.८३		३१,९०,९४३.८३		
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६,१७,४२,४७९.५३		६,१७,४२,४७९.५३		
			वर्षान्तको बाँकी रकम (ङ + च)		(६,१६,००,०००)	६,४९,३३,४२३.३६		६,४९,३३,४२३.३६		
			बैंक तथा नगदबाँकी	२४		६,५८,५६,३५८.३६		६,५८,५६,३५८.३६		

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले नगरपालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

शीर्षक	वार्षिक बजेट	निकासा	खर्च
प्रदेश पूर्वाधार विकास कार्यक्रम	१०००००००	८४४६६५३	८४४६६५३
स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम	६५०००००	६१९६१५९	६१९६१५९
सामाजिक सुरक्षा कार्यक्रम	४७४१२०००	४६७९३७७८	४६७९३७७८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				सामाजिक विकास मन्त्रालय	१९२०००	०	०		
				जम्मा रु.	६४१०४०००	६१४३६५९०	६१४३६५९०		
४			**बैंक हिसाव मिलान विवरण** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।					

क्र सं	विवरण	श्रेस्ता	बैंक	फरक
१	सञ्चित कोष	३८३६५१३८.	५१६००४३७.	१३२३५२९९.
२	धरौटी	९०२२३५.५	१३८००९३.	४७७८५७.५
३	प्रकोप व्यवस्थापन कोष	१२९५५३.	१३४५५३.	५०००.
४	पूँजीगत खर्च खाता	०	३४५५७२६०.	३४५५७२६०.
५	चालु खर्च खाता	०.	२९९६७७५६	२९९६७७५६
जम्मा		३९३९६९२६.५	११७६४००९९.	७८२४३१७२.५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो ।	
६			**कानून निर्माण एवं कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन १७ वटा, नियमावली ४, निर्देशिका ३, कार्यविधि २६, मापदण्ड २ र आचारसंहिता १ लगायत ५३ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
७			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको पाइयो । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**पेस्की बाँकी** आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(५) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा कुल पेश्की रु ५१६०००।०० रहेकोमा निम्नानुसार म्याद ननाघेको रु १३१०००।०० र म्याद नाघेको रु ३८५०००।०० रहेको छ । म्याद नाघेको पेश्की रु.	३८५,०००

पेश्की लिएको मिति	भौ. नं.	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	जम्मा बाँकी पेश्की		
			म्याद ननाघेको	म्याद नाघेको	जम्मा
पदाधिकारी					
१०/२१/२०७७	१२२	वडा अध्यक्ष झलक कुमार माझी		१,०५,०००	१,०५,०००
संस्थागत					
२०७८/०२/३०	२७४	शिक्षा निति तथा अभ्यास केन्द्र	१३१०००		१,३१,०००
व्यक्तिगत					
०६/१६/२०७७	८	सुजनप्रसाद भट्टराई		१,००,०००	१,००,०००
१२/०२/२०७७	१५२	सुजनप्रसाद भट्टराई		१,८०,०००	१,८०,०००
जम्मा			१३१०००	३८५०००	५,१६,०००

९			**बजेट तथा कार्यक्रम तर्जूमा समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरेको तर आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गरेको पाइएन ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**क्षेत्रगत बजेट र खर्चको स्थिति** पालिकाको क्षेत्रगत रुपमा कूल बजेट रु ९९ करोड १२ लाख १९ हजार र खर्च ८८ करोड ५५ लाख ९२ हजार को आधारमा समग्र रुपमा ८९.३४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।	

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	८८०७३८९०	७१३८००५५	८.०६
२	सामाजिक विकास	४८९८८१७००	४४६९७८९१०.६५	५०.४७
३	पूर्वाधार विकास	२३८५९९१०७.३५	२१६६५७७४३	२४.४६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९२१३९००	१४०७७८८३	१.५९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५५४५००९५	१३६४९७११२.२६	१५.४१
कुल जम्मा		९९१२१८६९२.३५	८८५५९१७०३.९१	१००.

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५०.४७ प्रतिशत, पूर्वाधार विकासमा २४.४६, कार्यालय संचालन तथा प्रशासनिकमा १५.४१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा १.५९ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ८.०६ प्रतिशत मात्र खर्च रहेको देखियो ।अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

११			**आन्तरिक नियन्त्रण**	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा तपशील बमोजिम नगरेको पाइयो । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा नगरेको • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरे नगरेको • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरे नगरेको • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नराखेको • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा नगरेको • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको • वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक नगरेको पाइयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.२			• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको • सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको	
११.३			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार राखेको पाइएन । • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक नभएको • म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे नराखेको र अद्यावधिक नभएको	
११.४			बेरुजु लगतका लागि म. ले. प. फारामको व्यवस्था गरिएकोमा लेखापरीक्षण गर्दा म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।	
११.५			गोश्वारा धरौटी खाता तथा व्यक्तिगत अभिलेख राखी अद्यावधिक भएको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**सशर्त रकम फिर्ता** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्वन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम २०७७ आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सशर्त नेपाल सरकारको बाँकी रकम बिभिन्न मितिमा रु.४,४६,१४,६१०।३० र प्रदेश सरकारको सशर्त रु.१,१०,००,६१५। समेत जम्मा रु.५,५६,१५,२२५।३० कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गरेको पाइयो ।	

सि.नं.	शीर्षक	निकासा	खर्च	सशर्त रकम फिर्ता
१	नेपाल सरकार सशर्त	१७५९९३०८०.	१४५९२८४६९.७२	३६०१३९८९.३
२	नेपाल सरकार समपूरक अनुदान	१६००००००	७३९९३७९.	८६००६२१.
३	प्रदेश सरकार विशेष अनुदान	३००००००	१३७९१४५.	१६२०८५५.
४	प्रदेश सरकार सशर्त	१८७६३०००	१६५१८०१७.	३६२४१२८.
५	प्रदेश सरकार समपूरक अनुदान	१५००००००	९६४३३६३.	५७५५६३२.
६	सामाजिक सुरक्षा	४६७९३७७८	४६३८३४९५	४१०२८३
	जम्मा	२२८७५६०८०	१८०८६८३७३.७२	५५६१५२२५.३

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**सम्पत्ति उपयोग र संरक्षण** सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगमा तपशील बमोजिम नीति नियम बनाएको पाइएन । • सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । • संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण हुनबाट जोगाउन राष्ट्रिय भूमि आयोग नीति नियम अनुसार जग्गाको नापी तथा सर्भे भइरहेको पालिका कार्यालयले जनाएको पाइयो ।	
१४			**चौमासिक कार्यक्रम सन्चालन** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।(रु हजारमा)	

चौमासिक कार्यक्रम सन्चालन/ पूँजीगत खर्च विवरण

क्र.स.	वजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			असार महिना
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	हरिहरपुरगढी गाउँ कार्यपालिका	१६७५८३६०१	५४१४५६	४१७६७५१९	१२५२७४६२६	६२२३४७३९
२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	१०१४७०६४	०	०	१०१४७०६४	५६८३९६०
३	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	११३७९१४५	०	०	११३७९१४५	२७६८१५०
	जम्मा	१८९१०९८१०	५४१४५६	४१७६७५१९	१४६८००८३५	७०६८६८४९

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
					खर्च प्रतिशत		०.२९	२२.०९	७७.६२	३७	
			उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु १८ करोड ९१ लाख १० हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ७७.६२ प्रतिशत र आषाढमा ३७ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।							
१५			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री अनिता कुमारी राईले मिति २०७७।३।१० गते रु.४९ करोड ५४ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।							
१६			**दरवन्दी र पदपूर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित १९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।							

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**करार कर्मचारी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६१ जना कर्मचारीहरु करारमा राखी रु ११२५४६७७। खर्च लेखेको छ ।	
१८			**योजना छनौट** वडा वडाहरुबाट योजनाहरु छनौट गरी गाउँ कार्यपालिकामा पेश गरेको आधारमा स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन हुने गरेको पाइयो ।	
१९			**न्याय सम्पादन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपप्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन प्राप्त विवरण अनुसार यस वर्ष दर्ता भएका २२ र गत वर्षको अ.ल्या २ गरी जम्मा २४ विवाद मध्ये वर्षभरि १० वटा विवाद फछ्र्यौट भई १३ बटा विवाद निरुपण हुन वांकी देखिएकोले समयमै निरुपण तथा फछ्र्यौट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२०			**रकमान्तर** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिशमा कार्यपालिकाले रकमान्तर गरी विभिन्न १२९ कार्यक्रममा रु. ६ करोड १ लाख ५९ हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको छ ।	
२१			**अवकाश कोष**	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको । कर्मचारीहरु ५ जनाको मासिक १० प्रतिशतले रु १३८२८।८० कट्टा गरी १० प्रतिशत नै थप गरी रु २७६४५।६० दाखिला गरेको पाइयो । सो अवकाश कोषमा रु १०७२०५७। बैंक बाँकी देखिन्छ ।	
२१.२			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :- • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचितकोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शीर्षकगत बैक नगदी किताबमा नजनाएकाले तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ठ हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग पूर्णरुपमा पालना गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**प्रकोप व्यवस्थापन आय व्यय** पालिकाले बर्ष छुट्टै कोरोना कोष स्थापना नगरी प्रकोप व्यवस्थापन कोषबाट नै कोरोना व्यवस्थापनमा खर्च गरेको छ। राहत वितरण ९६२५, कोरोना अस्पताल निर्माण खर्च ५६५१४५, नाका सुरक्षा खर्च ५८१९००, जनशक्ती परिचालन ३९२७९४, विद्यालयमा सुरक्षा सामग्री वितरण ३७२०३८, स्वास्थ्य सामग्री खरिद ११७३४५९, क्वारेन्टिन व्यवस्थापन खर्च १०८०७९६, अन्य १८००० गरी जम्मा रु.४१९३७५७ खर्च गरेको छ।	

आय	रकम	व्यय	रकम
चालु खाताबाट	३३०००००	राहत वितरण	९६२५
गत बर्षको अ. ल्या.	२४४३३६७	कोरोना अस्पताल निर्माण खर्च	५६५१४५
		नाका सुरक्षा खर्च	५८१९००
		जनशक्ती परिचालन	३९२७९४
		विद्यालयमा सुरक्षा सामग्री वितरण	३७२०३८
		स्वास्थ्य सामग्री खरिद	११७३४५९
		क्वारेन्टिन व्यवस्थापन खर्च	१०८०७९६
		अन्य	१८०००
		विपद् व्यवस्थापन सम्बन्धी खर्च	१५४९६१०
जम्मा	५७४३३६७	जम्मा	५७४३३६७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**जिम्मेवारी** गत बर्षको जिम्मेवारी रु ६३९०६८६३। रहेकोमा यो बर्ष रु ६४१८६२२५। सारेकोमा रु २७९३६२। बढी जिम्मेवारी सारेको पाइयो । यो बर्षको श्रेस्ता बाँकी रु ६१६९४२७१।९३ र सूत्रमा रु ६४१८६२२५।०३ देखिएकोमा फरक रु २४९१९५३।१० मध्ये प्रकोप कोप व्यवस्थापन कोषको रु २४३८११७। सूत्रमा आम्दानी बाँधेकोमा खर्च म्यानुअल खातामा राखेकोले फरक रु ५३८३६।१० देखिएको छ । यस सम्बन्धमा हिसाव मिलान हुनुपर्दछ ।	
२४			**कर कटट्टी रकम दाखिला** आयकर ऐन, २०५८ को दफा ८७, ८८ बमोजिम कट्टी भएको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। पालिकाले प्रकोप व्यवस्थापन कोषको विभिन्न भौचरबाट कर वापत कट्टी गरीएको रु. १२९५५३.१० दाखिला गर्न बाँकी देखिएकोले सञ्चित कोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.	१२९,५५३.१
२५			**रीतपूर्वक कर बिजक** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को उपनियम १७ मा कुनै वस्तु वा सेवा आपूर्ति गर्दा सोही नियमावलीको अनुसूची ५ र ५(ख) बमोजिमको ढाचाँमा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । देहायका उपभोक्ता समितिले पेश गरेका निर्माण व्यवसायीका विल परीक्षण गर्दा विजकमा विजक नं उल्लेख नभएका तथा हातले विजक नं उल्लेख गरेको पाइयो । रीतपूर्वक कर विजक जारी गरेको नपाइएकोले देहायका विजकहरुको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	३५४,०८०

भौ.न	निर्माण व्यवसायी	उपभोक्ता समिति	बिजक मिति	बिजक रकम (भ्याट सहित)	मू.अ कर
२१४	प्रिन्स जेके बिल्डर्स कम्पनि प्रालि	रैका टीकाभैरुङ सडक	२०७७।१२।३१	६३१६४१	७२६६६
२१३	प्रिन्स जेके बिल्डर्स कम्पनि प्रालि	केउरेनी बेल्टार पाङग्रे सडक	२०७७।१२।३१	६३१६४१	७२६६६
२१६	प्रिन्स जेके बिल्डर्स कम्पनि प्रालि	मिलनचोक जोरसिमल सडक	२०७८।१।१४	२९४९३०	३३९३०

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			३५२	बुजु एण्ड सन्स कन्सट्रक्सन प्रालि	गैरी नयाँगाउँ सौर्य भन्ज्याङ कोक्टी सडक	२०७८।१।२५	१२११९७०	१३९४३०	
			३९९	मरिण कन्सट्रक्सन प्रालि	तिनकुनाखोला खर्कण्डेदेखि खेतीखर तल्लो खेत सिन्चाई	२०७८।३।१६	८८७८०	११५४१	
			३९९	मरिण कन्सट्रक्सन प्रालि	तिनकुनाखोला खर्कण्डेदेखि खेतीखर तल्लो खेत सिन्चाई	२०७८।३।१६	१७९४०	२३३२	
				मरिण कन्सट्रक्सन प्रालि	घरभन्ज्याङ तलदेखि द्धारेखोला आपटार सडक	२०७८।१।३०	१८७०१५	२१५१५	
					जम्मा			३५४०८०	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**हेभी इक्वीपमेन्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । भौ .न | उपभोक्ता समिति | काम | प्रयोग गरेको हेभी इक्वीपमेन्ट | रकम ८९ | कुडुले हाईटार लिम्बुटार धनमानाडाडाँ सडक | सडक खन्ने | एक्जाभेटर | १९०५२१७ १२१ | बसेरी ढोका सेपाहा सडक | सडक खन्ने | एक्जाभेटर | ८३७८०६ २५२ | गौरी नयाँगाउ सौर्यभन्ज्याङ कोक्टी सडक निर्माण | सडक खन्ने | एक्जाभेटर | २१०००००	
			७ | काभ्रे मोक्तानडाडाँ अकवरे उकालो चिसापानी सडक | सडक खन्ने | एक्जाभेटर | २११४०००	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् :	

भौ.न	उपभोक्ता समिति	काम	रकम
४७	गाउँपालिका भवन निर्माण	वडा नं २ को वडा भवन निर्माण	३७३३८४१
१०९	वडा कार्यालय भवन निर्माण	वडा नं ७ को वडा भवन निर्माण	१६००२६४
१६३	गाउँपालिका स्टल भवन निर्माण	वडा नं २	३२१५९८७
२४८	गाउँपालिका भवन निर्माण	प्रशासकिय भवन	३७२८०३४
३४३	वडा कार्यालय भवन निर्माण	वडा नं ४ को वडा भवन निर्माण	२६६२३९४
३७३	वडा कार्यालय भवन निर्माण ६	वडा नं ६ को वडा भवन निर्माण	१६८०५९९
३८८	कोरोना आईसोलेसन भवन निर्माण	आईसोलेसन भवन	३३५०४५७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**उपभोक्ता मार्फत खरिद** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सामान खरिद गर्न सक्ने व्यवस्था रहेको देखिदैन । पालिकाले देहायका ट्रान्सफर्मर तथा पाइपजस्ता सामाहरु खरिद गर्नका लागि मात्र उपभोक्ता समिति गठन गरी सोही समितिमार्फत खरिद गरि सोही समितिलाई भुक्तानी गरेको पाइयो । तसर्थ खरिद गर्नकै लागि उपभोक्ता समिति गठन गर्ने प्रवृतिमा सुधार हुनुपर्दछ ।	

भौ.न	उपभोक्ता समिति	खरिद सामग्री	रकम
१८०	ढप्सार सिचांई पम्पसेट पाइप खरिद	पम्पसेट तथा पाइप	१९२०५३
१८२	भण्डारी पर्ता पाइप सिचांई	पाइप खरिद	९९६८२
१८१	कुल्टिङ पम्पसेट पाइप खरिद	पम्पसेट तथा पाइप	२१०६०६
४१८	झवाडी विधुत विस्तार	ट्रन्सफर्मर लगायत	६११८३४
४२७	बोटेनिबाट वडा कार्यलय सम्म विधुत विस्तार	ट्रन्सफर्मर लगायत	४०७२१६
	जम्मा		१५२१३९१

२९			**बकेट साइज** उपभोक्ता समितिमार्फत गरिएका निर्माण सम्बन्धी कार्यको भुक्तानी दिदाँ पालिकाको स्वीकृत दर विश्लेषण आधारमा रीत पुगे नपुगेको यकिन गरी भुक्तानी दिनुपर्दछ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा एक्जाभेटरद्धारा माटो खन्ने कामका लागि २ साइजका बकेट प्रयोग हुने गरी दर निर्धारण गरेको छ । ०.८० पिसि बकेट साइज भएको एक्जाभेटरले नरम माटो खन्ने कामका लागि प्रति घनमिटर रु.५३ र कडा माटो खन्ने कामका लागि प्रति घनमिटर रु ६३ तथा १.२ देखि २.२ पिसि बकेट साइज भएको एक्जाभेटरले नरम माटो खन्ने कामका लागि प्रति घनमिटर रु ६३ र कडा माटो खन्ने कामका लागि प्रति घनमिटर रु ७५ कायम गरेको पाइयो । पालिकाले देहायका उपभोक्ता समितिमार्फत गराएका माटो खन्ने काममा १.२ देखि २.२ पिसि बकेट साइज भएको एक्जाभेटर प्रयोग भएको भनी भुक्तानी दिएतापनि उपभोक्ता समितिले पेश गरेको फोटो तथा बिल भर्पाइ परीक्षण गर्दा ०.८० पिसि बकेट साइज भएको एक्जाभेटर प्रयोग भएको छ	१,२०३,३९८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			। कम बकेट साइजको एक्जाभेटर प्रयोग गर्दा सोही अनुरुप भुक्तानी दिनुपर्नेमा बढी बकेटसाइजको दरमा भुक्तानी दिएकोले प्रति घनमिटर माटो खन्ने काममा देहाय बमोजिम बढि भुक्तानी दिई थप व्यभार पारेको रु	

भौ.न	उपभोक्ता समिति	काम	प्रयोग हुनुपर्ने दर	प्रयोग भएको दर	बढी दर	परिमाण	बढी भुक्तानी
२२	केउरेनी लिम्वुटार कुशदमार सडक मर्मत	कडा माटो	६३	७५	१२	११२७	१३५२४
२२	केउरेनी लिम्वुटार कुशदमार सडक मर्मत	नरम माटो	५३	६३	१०	११२७	११२७०
४६	धुम्मे प्रा वि	नरम माटो	५३	६३	१०	३९४७	३९४७०
४४	धुम्मे तिन्त्रिगाछी सडक उ स	कडा माटो	६३	७५	१२	५५३९	६६४६८
४४	धुम्मे तिन्त्रिगाछी सडक उ स	नरम माटो	५३	६३	१०	५५३९	५५३९०
६२	भिमान कौवा सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	३२५४	३९०४८
६२	भिमान कौवा सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	३२५४	३२५४०
७३	पिपलचुरी बरुण सडक	कडा	६३	७५	१२	५३४३	६४११६

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
						माटो							
				७३	पिपलचुरी बरुण सडक	नरम माटो	५३	६३	१०	५३४३	५३४३०		
				८९	कुडुले हाईटार लिम्बुटार धनमानाडाडाँ सडक	नरम माटो	५३	६३	१०	१२५४६	१२५४६०		
				१०२	धमिलेडाडाँ देखि नर्कटे सम्म सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	१६६०	१६६००		
				१०२	धमिलेडाडाँ देखि नर्कटे सम्म सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	१६६०	१९९२०		
				११७	वन्चरे वरुण सडक मर्मत	नरम माटो	५३	६३	१०	२९८०	२९८००		
				११७	वन्चरे वरुण सडक मर्मत	कडा माटो	६३	७५	१२	२९८०	३५७६०		
				१३९	हमालडाडाँ अर्लाभर्ला सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	१७१३	१७१३०		
				१३९	हमालडाडाँ अर्लाभर्ला सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	१३८०	१६५६०		
				१५२	राँगेदोभान छविलाल सडक स्तरोन्नति	नरम	५३	६३	१०	१५३३	१५३३०		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
						माटो							
				१५२	राँगेदोभान छविलाल सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	१५३३	१८३९६		
				१५३	हाईटार खेलमैदान स्तरोन्नती	नरम माटो	५३	६३	१०	१४४०	१४४००		
				१५३	हाईटार खेलमैदान स्तरोन्नती	कडा माटो	६३	७५	१२	१४४०	१७२८०		
				१५७	रतनपुरदेखि टुँडिखेल थमडाडाँ सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	३५४५	३५४५०		
				१५७	रतनपुरदेखि टुँडिखेल थमडाडाँ सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	३५४५	४२५४०		
				१९७	कमानदोभान डोङडाडाँ सडक मर्मत	नरम माटो	५३	६३	१०	२०८६	२०८६०		
				१९७	कमानदोभान डोङडाडाँ सडक मर्मत	कडा माटो	६३	७५	१२	२०८६	२५०३२		
				१९५	कासभकार भित्रिजमुने ढाँडखोला कालिलेख सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	२२१५	२२१५०		
				१९५	कासभकार भित्रिजमुने ढाँडखोला कालिलेख सडक	कडा	६३	७५	१२	२२१५	२६५८०		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
					स्तरोन्नति	माटो							
				२०६	हिरिरिडाँडादेखि टावरसम्म सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	१३९७	१३९७०		
				२०६	हिरिरिडाँडादेखि टावरसम्म सडक स्तरोन्नति	कडा माटो	६३	७५	१२	१३९७	१६७६४		
				२८१	मेन सडकदेखि सानोकौवा धारा खोल्सी सडक	नरम माटो	५३	६३	१०	१९५५	१९५५०		
				२८१	मेन सडकदेखि सानोकौवा धारा खोल्सी सडक	कडा माटो	६३	७५	१२	१९५५	२३४६०		
				३०५	पर्त्यानी सडक स्तरोन्नति	नरम माटो	५३	६३	१०	११०३	११०३०		
				३२६	कुण्डपोखरी व्यवस्थापन	कडा माटो	६३	७५	१२	७१०६	८५२७२		
				३२६	कुण्डपोखरी व्यवस्थापन	नरम माटो	५३	६३	१०	१०१४५	१०१४५०		
				प्र.पू ७	कुसदमार हाईटार कुडुले सडक निर्माण	कडा माटो	६३	७५	१२	२६०९	३१३०८		
				प्र.पू	कुसदमार हाईटार कुडुले सडक निर्माण	नरम	५३	६३	१०	२६०९	२६०९०		

